# १२ बेबिलोन र आर-मागेड्डोन

*<u>यस अध्यायका मूल पदहरू</u>*: प्रकाश १४:८, प्रकाश १६::१९, यशैया ५२:९, प्रकाश १८:१-१०, प्रकाश १६:१२-१६, १ राजा १८:१-४० र १ कोरन्थी १५:१,२।

**<u>*यस अध्यायका मूल सार पद*</u>: "त्यसको निधारमा एउटा नाउँ लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन।" प्रकाश १७:५ (रूपान्तरित)।**

प्रकाशको पुस्तक अनेकौं प्रतीकको प्रयोगको कारण झट्ट बुझ्न कठिन छ। कतिपय भाषा र प्रतीक सिधै पुरानो करारबाट निकालिएका छन्। उदाहरणमा बेबिलोन नाउँ छ पटक प्रकाशको पुस्तकमा प्रयोग भएको छ। तर त्यो शब्दले खास गरेर पौराणिक बेबिलोन वा नाबूकदनेसरको राज्यलाई औँल्याएको होइन। त्यो राज्य त सयौं वर्ष अघि बितेको इतिहासको पानाले बताउँछ। तर सत्य र असत्य के हो भनेर पुरानो करारले देखाएको प्रतीकलाई यूहन्नाले प्रयोग गरेका हुन्। राजनैतिक र धार्मिक शक्ति जसले परमेश्वरका जनहरूलाई दवाएका थिए र सताएका थिए ती शक्तिहरूले संसारको अन्तमा पनि परमेश्वरका जनहरूलाई सताउने छन् भनेर त्यस शक्तिलाई बेबिलोन भनेर सम्बोधन गरिएको हो।

त्यस्तै आर-मागेड्डोन भन्ने शब्द पनि केवल प्रकाशको पुस्तकमामात्र देखिन्छ। त्यो शब्द हिब्रू भाषाबाट निकालिएको देखिन्छ। "मेगिडोको पहाड" भन्ने स्थान पौराणिक इस्रायलमा एक ठाउँ थियो। कतिपय मानिसहरूले त्यही ठाउँ अर्थात मेगिडोमा संसारको अन्तमा महान् युद्ध हुनेछ भनेर धेरैले अनुमान गरेको पाइन्छ। बेबिलोन र आर-मागेड्डोन भनेको के हो र बाइबलले ती प्रतीकहरूलाई कसरी व्याख्या गर्दछ सो विषयलाई हामी यस अध्यायमा हेर्नेछौं।

## १. "प्रचण्ड क्रोधको मद्य"

**प्रकाशको पुस्तकको देहायका पदहरूमा बेबिलोनको बारेमा छ ठाउँमा सम्बोधन गरिएको छ। पुरानो करारमा पनि बेबिलोनलाई सम्बोधन गरिएको**

सन्दर्भमा प्रकाशको पुस्तकले अन्तिम समयलाई लक्षित गरेर उल्लेख गरेको बेबिलोनले हामीलाई के सिकाउँछ? हेर्नुहोस्ः प्रकाश १४ः८ "अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।", प्रकाश १६ः१९ "त्यो महानगरी तिन भागमा टुक्रा-टुक्रा भयो, र देश-देशका सहरहरू ध्वंस-विध्वंस भए। परमेश्वरलाई महान् बेबिलोनको याद आयो, र उहाँले आफ्नो क्रोधको भयानक मद्यले भरिएको कचौरो त्यसलाई पिउन दिनुभयो।" , प्रकाश १७ः५ "त्यसको निधारमा एउटा नाउँ लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन।" र प्रकाश १८ः२,१०,२१ "२ तिनले यसो भनेर शक्तिशाली सोरले कराएः "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ।...१० ९ त्यससँग व्यभिचार गर्ने र सुख-विलासमा रहने पृथ्वीका राजाहरू त्यो जलेको धूवाँ देखेर त्यसको निम्ति रुनेछन् र बिलौना गर्नेछन्। १० त्यसको यातनाको डरले टाढ़ै उभिएर तिनीहरूले यसो भन्नेछन्, "हाय! हाय! तँ महानगरी, तँ शक्तिशाली बेबिलोन! एकै छिनमा नै तेरो दण्ड तँमाथि पऱ्यो।... २१ तब एउटा शक्तिशाली स्वर्गदूतले ठूलो जाँतोजस्तै एउटा ढुङ्गा उठाए, र यसो भनेर त्यसलाई समुद्रमा फाले, "यसरी नै महानगरी बेबिलोन ठूलो वेगले फालिनेछे, र त्यो फेरि कहिल्यै पाइनेछैन।"

**कतिले** बाइबललाई दुई सहरहरूको कथा भनेर भन्दछन्। ती सहरहरू हुन् यरुशलेम र बेबिलोन। यरुशलेम परमेश्वरको र उहाँसँग गरिएको करार अनुसार चल्ने मानिसहरूको सहर हो भनेर बाइबलमा औँल्याइएको छ। (भजन १०२ः२१, यशैया ५२ः९, यशैया ६५ः१९ र प्रकाश ३ः१२) तर बेबिलोनः सताउने बेश्या, जड्याँहा, दवाउने, हिंस्रक, झुटोधर्म र परमेश्वरको विरुद्धमा सरासर खडा भएर चुनौति दिने सहरको रूपमा चिनिन्छ।

उदाहरणमा बाबेलको धरहरालाई लिन सकिन्छ (उत्पत्ति ११ः९)। बाबेल भन्ने हिब्रू भाषाको त्यही शब्द हो जुन शब्दले बेबिलोनको राज्यलाई पनि सम्बोधन गरिएको छ। जब पत्रुसले बेबिलोनको चर्चबाट अभिवादन पठाउँछन, त्यसबेला उनी जीर्ण भएको बेबिलोन अर्थात् आधुनिक इराकको एक भागमा थिए। तर उनले बेबिलोन भन्दा रोमलाई सम्बोधन गरेका थिए जसले चर्च वा

परमेश्वरका जनहरूलाई सताइरहेको थियो। प्रकाशको पुस्तक सहित सम्पूर्ण बाइबलमा बेबिलोन भन्ने शब्द प्रयोग गरिन्दा त्यो केवल आधुनिक इराक अर्थात् पौराणिक बेबिलोनलाई मात्र सम्बोधन नगरिएर सनातन परमेश्वरको दुश्मनी तत्वलाई जनाएको पाउँछौं। रोमको भूमिकालाई हेर्दा र त्यसले परमेश्वरका सत्य वचनलाई लुकाएर दुष्टतालाई उचाल्ने तत्वको सन्दर्भमा जब पत्रुसले "बेबिलोन" भनेर सम्बोधन गर्दछन् त्यसलाई अर्थपूर्ण मान्नुपर्छ।

**संसारमा र परमेश्वरका जनहरूलाई नराम्रो प्रभाव पार्ने बेबिलोनको बारेमा देहायका पदहरुले कसरी देहम्बोधन गरेको छ? हेर्नुहोसः प्रकाश १४:८ "अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" र प्रकाश १८:३ "३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।"**

प्रकाशको पुस्तकमा उल्लेख गरे अनुसार बेबिलोन अत्यन्त भ्रष्ट र सारा संसारमा कुनै न कुनै हदमा भ्रष्ट प्रभाव पार्ने शक्तिको प्रतीक हो भन्ने कुरामा दुईमत छैन। "उनको बेश्याको मद्यको क्रोध" (प्रकाश १४:८) भन्दा झुटो शिक्षादीक्षा, झुठो धर्म वा मानिसलाई सृष्टिकर्ता परमेश्वरबाट टाढा राख्ने आस्था र भ्रष्ट चालचलन र त्यसको दुस्परिणामलाई सम्बोधन गर्दछ। बेबिलोन दुष्ट, आतङ्ककारी, भ्रष्ट र खराब शक्तिको सञ्जाल हो जसले सारा संसारलाई कुनै न कुनै रूपमा प्रभाव पार्दछ (प्रकाश १८:३)।

**आजको संसारलाई हेर्नुहोस्। समाचार पत्रहरू पढ्नुहोस्। टेलिभिजन वा मोबाइलमा हेर्नुहोस्। मानिसहरू कसरी भ्रष्ट भइरहेका छन्, मानिसहरू अनेकौं धर्म, राजनैतिक र सामाजिक बादहरूको नाउँमा कसरी अन्यौलमा परिरहेका र जात, वर्ण, वर्ग आदिको नाउँमा कसरी लडाई गरिरहेका छन्? ती कुराहरूको प्रभाव हामीमा पर्न नदिइ हाम्रो विश्वास येशूमा कसरी अडिग राखे र उहाँको वचनमा कसरी वचनबद्ध भएर बस्ने भनेर हामीले आफैलाई कसरी सजग गराउने?**

## २. बेबिलोनको पतन भयो

बेबिलोन जतिसुकै भ्रष्ट र खराब तत्वहरूको विश्वब्यापी आमा भएतापनि एक दिन त्यसको पतन हुनेछ भनेर प्रकाशको पुस्तकले सिकाउँदछ।

**सारा विश्वको अगाडि अति महान् भनेर कहलाइने बेबिलोनको बारेमा प्रकाश १८:१-१०ले के भन्दछ? हेर्नुहोस्: "१ यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। २ तिनले यसो भनेर शक्तिशाली स्वरले कराए: "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।" ४ तब मैले स्वर्गबाट यसो भनिरहेको अर्को आवाज सुनें: "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ, ५ किनकि त्यसका पापहरू स्वर्गसम्मै थुप्रो लागेका छन्, र परमेश्वरले त्यसका अधर्महरू सम्झनुभएको छ। ६ त्यसले जे गरेकी थिई त्यही त्यसलाई देओ, त्यसले गरेका कामको दोबर त्यसलाई फर्काइदेओ त्यसले प्यालामा जे भरेकी थिई, त्यसको दोबर कड़ा हुने गरी त्यसलाई देओ। ७ त्यसले जत्ति गौरव र सुख-विलास गरेकी थिई, त्यत्तिकै त्यसलाई यातना र शोक देओ। किनकि त्यसले मनमा भन्दछे, 'महारानी भएर म बसेकी छु, म विधवा होइनँ, मैले कहिल्यै शोक गर्नुपर्नेछैन।' ८ 'यसकारण एकै दिनमा त्यसमाथि विपत्तिहरू आउनेछन्– मृत्यु, शोक र अनिकाल। आगोले त्यो भस्म पारिनेछे, किनकि त्यसको इन्साफ गर्ने परमप्रभु परमेश्वर शक्तिशाली हुनुहुन्छ।" ९ त्यससँग व्यभिचार गर्ने र सुख-विलासमा रहने पृथ्वीका राजाहरू त्यो जलेको धूवाँ देखेर त्यसको निम्ति रुनेछन् र बिलौना गर्नेछन्। १० त्यसको यातनाको डरले टाढ़ै उभिएर तिनीहरूले यसो भन्नेछन्, "हाय! हाय! तँ महानगरी, तँ शक्तिशाली बेबिलोन! एकै छिनमा नै तेरो दण्ड तँमाथि पऱ्यो।"**

प्रकाश १४:८मा बेबिलोनको बारेमा दिइएको दोस्रो स्वर्गदूतको सन्देश प्रकाश १८:२मा दोहोऱ्याइएको छ।बेबिलोनरूपी खराब तत्व कतिको भ्रष्ट भएको छ भनेर प्रकाशको पुस्तकले व्याख्या गर्दछ।"येशूको आगमन पहिले शैतानले अनेकौं चमत्कार, शक्तिशाली र गजबको झुटा कामहरू गरेर

मानिसहरुलाई अधर्मीतिर लान धोका दिनेछ भनेर बाइबलले खुलासा गर्दछ। परमेश्वरको सत्यलाई प्रेम गरेर मानिसहरूले मुक्ति नपाउन् भनेर शैतानले अनेकौं भ्रम गरेर मानिसहरूलाई मोहमा पर्छ।त्यसले अधर्म, झुट, दुष्टता र खराबीलाई ठीक छ भनेर मानिसको दिमागमा घुसाइदिन्छ। २ थेस्सोलिनिकी २:९-१२मा उल्लेख गरिएको छः "९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।" जब चर्च र इसाई जगतका शक्तिहरू एक हुने स्थितिमा पुग्छन् तब बेबिलोनको पतन पूर्णरूपमा हुनेछ। मानिसलाई परमेश्वरबाट भडकाइरहने तत्वको प्रगति भइरहेतापनि प्रकाश १४:८को भविष्यवाणी भविष्यमै छ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ३८९,३९०बाट रूपान्तरित।

त्यो भविष्य कहाँ छ सो कुरा परमेश्वरलाई मात्र थाहा छ। तर हामीलाई यो मात्र थाहा छ कि आत्मिक बेबिलोनले एक दिन परमेश्वरको न्यायको सामना गर्नुपर्नेछ किनकि त्यसको दुष्टताले मानिसहरूलाई होमिदिएको छ। "त्यसका पापहरू स्वर्गसम्मै पुगेका, र परमेश्वरले त्यसका दुष्टकर्महरूलाई सम्झनुभएको छ वा देख्नुभएको छ" (प्रकाश १८:५)। यहाँ व्यक्त गरिएको भावना वा भाषाले पुरानो करारको पौराणिक बेबिलोनलाई सम्झाउँछ (यर्मिया ५१:८,९ "८ अब बेबिलोन एक्कासि ढल्नेछ र टुक्रा-टुक्रा पारिनेछ। त्यसको निम्ति विलाप गर! त्यसको दुखाइको निम्ति लेप ल्याओ, सायद त्यो निको हुन्छ कि! ९ "'हामीले बेबिलोनलाई निको पार्ने थियौं, तर त्यो निको हुन सक्दैन। त्यसलाई छोड़िदियौं, र हामी आ-आफ्नो देशमा गइहालौं। किनकि त्यसको इन्साफ आकाशसम्मै पुगेको छ, यो बादलसम्मै अग्लो उठेको छ'")। त्यसको अर्थ न्यायको समय आउने निश्चित छ। अत्याचारीहरूमाथि आउने न्यायलाई हामीले अचम्म मान्नु हुदैन। पौराणिक इतिहासको बेबिलोनले न्यायको सामना गर्नुपरेको थियो (दानिएल ५)। प्रत्येक व्यक्तिले आफ्नो कामको लेखा जोखा दिनुपर्नेछ र न्यायको सामना गर्नुपर्नेछ। अहिले बेबिलोनरूपी शक्तिले जतिसुकै शक्तिको प्रदर्शन गरेतापनि आफ्नो दुष्टताको

लेखाजोखा दिनुपर्नेछ। तर येशूलाई विश्वास गर्नेहरू ढुक्क हुनुपर्छ किनकि जब तिनीहरू परमेश्वरको न्यायको सामुने खडा हुन्छन तब तिनीहरूको लागि बोलिदिने येशू ख्रीष्ट हुनुहुनेछ (१ यूहन्ना २:१, दानिएल ७:२२)। यदि येशूले हाम्रो निम्ति वकालत गर्नुभएन भने हाम्रो भविष्य पनि बेबिलोनको जस्तै हुनेछ।

**यस संसारमा भएका र भइरहेका अन्याय, अत्याचार, दुष्टता र पापको नाच सबैले परमेश्वरको अन्तिम न्यायको सामना गर्नुपर्नेछ र तिनको हुनेवाला बिनासको खबरले तपाईंलाई कस्तो सान्त्वना मिल्दछ?**

## ३. आर-मागेड्डोन

**कतिपय** इसाईहरुलाई समेत प्रकाशको पुस्तकको बारेमा धेरै ज्ञान छैन। तैपनि उक्त पुस्तकमा भएको एक शब्द वा चित्रले चाहिँ धेरै ख्याती पाएको छः त्यो हो आर्मगेड्डन (प्रकाश १६:१६ "तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ।")। परमेश्वरलाई विश्वास नगर्ने सांसारिक वा लौकिक संस्कृतिमा पनि यो शब्द प्रख्यात छ। यसले संसारमा हुने अन्तिम युद्धको बारेमा चित्रण गर्दछ, जसले यो पृथ्वी भविष्यमा ध्वस्त हुनेछ भन्ने बारेमा मानिसहरूलाई सूचित गरिरहेको छ। अमेरिकाको प्रख्यात फिल्म संस्था हलिउडले आर-मागेड्डोन नाउँ गरेको फिल्म बनाएको छ। एक महान् (ठूलो) पिण्ड आकाशबाट खसेर यो पृथ्वीमा ठोकिनेछ र पृथ्वी छिया छिया भएर ध्वस्त हुनेछ भनेर उक्त फिल्मले देखाएको छ। त्यसको अर्थ परमेश्वरलाई विश्वास नगर्ने, चर्चमा नजाने सांसारिक मानिसहरूको दिमागमा पनि एक दिन पृथ्वी ध्वस्त हुनेछ भन्ने कुरामा विश्वास रहेको देखिन्छ।

फेरि कतिपय इसाईहरूले प्रकाशको पुस्तक पढेर अक्षरस रूपमा आर-मागेड्डोन को अर्थ मध्यपूर्वदेशहरूमा हुने ठूलो सैनिक युद्धलाई औंल्याउँछन्। संसारको अन्तमा ती देशहरू बीच ठूलो भिडन्त भएर यो संसार ध्वस्त हुनेछ भनेर प्रकाशको पुस्तक पढ्ने विद्वानहरू निश्कर्ष निकाल्दछन्। एउटा फिल्ममा दुई करोड सैनिकहरू पूर्वी इस्राएलमा गएर आक्रमण गरेको घटना देखाइन्छ। विभिन्न सैन्य शक्ति र अस्त्रसस्त्रको प्रदर्शन र राजनैतिक द्वन्दले संसारको अन्त हुनेछ भन्छन् भने अन्तिम युद्ध इस्राएलको मेगिड्डोन भन्ने ठाउँमा भयानक युद्ध भएर पृथ्वीको अन्त हुनेछ भनेर बाइबलका विद्वानहरूले नै बताइरहेकाछन्। तर संसारको अन्तको बारेमा बाइबलले सबैले अनुमान

गरेको भन्दा एकदम फरक चित्र देखाउँदछ। बाइबलले आर-मागेड्डोनको युद्धलाई अन्तिम चरणको युद्ध भनेको छ। यो कुनै राष्ट्रहरूको खिचातानीपूर्ण युद्ध होइन तर शैतान र परमेश्वरको बीचमा भइरहेको युद्धको अन्तिम युद्ध हो। कुनै राजनैतिक, आर्थिक र धार्मिक संघर्षले ल्याउने युद्ध आर-मागेड्डोनको युद्ध होइन तर ती तत्वहरूले केही भूमिका भने अवश्य खेलेका हुन्छन्। यसमा कुनै सन्देह छैन।

**प्रकाश १६:१२-१६मा चित्रण गरिए अनुसार आर-मागेड्डोनको बारेमा हामी के सिक्न सक्छौं? हेर्नुहोस्: "१२ तब छैटौं स्वर्गदूतले आफ्नो कचौरो महानदी यूफ्रेटिसमा खन्याए, र नदीको पानी सुकिहाल्यो र पूर्वबाट आउने राजाहरूका निम्ति मार्ग तयार भयो। १३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्। १५ "हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिँड्नेछ, र त्यसको नग्नता देखिनेछ।" १६ तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ।"**

माथि चित्रण गरिएको भाषा अक्षरस नभएर साङ्केतिक हो भनेर थाहा पाउनुपर्छ। ड्रागन वा भयानक अजिङ्गरजस्तो सर्पको मुखबाट भ्यागुता जस्ता आत्माहरू आइरहेको, झुटो अगमवक्ताको मुखबाट र पशुको मुखबाट पनि ती भ्यागुताहरू निस्किरहेका रे! (झुटो अगमवक्ता वा भविष्यवाणी गर्ने व्यक्ति भन्दा प्रकाश १३:११मा उल्लेखित जमीनको पशु भन्ने जनाउँछ भने अजिङ्गर भन्दा प्रकाश १३ मा उल्लेख गरिएको परमेश्वरको विरोधी शक्ति हुन्छ)। परमेश्वर र शैतानको बीचमा हुने महान् युद्धमा शैतान वा दुष्टका आत्माहरूले (प्रकाश १६:१४) सर्वशक्तिमान परमेश्वरसँग युद्ध गर्नेछन्। आर-मागेड्डोनको अर्थ जसरी खुले पनि त्यो युद्ध कुनै राष्ट्र-राष्ट्र बीचमा हुने स्थानीय युद्ध नभएर विश्वव्यापी रुपमा हाम्रा प्रभू येशू र शैतानबीचको लडाईं हो। त्यो आर-मागेड्डों भन्ने ठाउँमा हुने स्थानीय लडाईं पनि होइन न त आधुनिक इराक अर्थात बेबिलोनमा हुने लडाईं नै हो।

**ती विभिन्न घट्नमाहरूको बीचमा पनि अत्यन्तै रमाइलो सुसमाचारको सन्देश हाम्रा प्रभू येशूले हामीलाई दिनुभएको छ। हेर्नुहोस् (प्रकाश १६:१५) उहाँको आगमनको प्रतिज्ञा र हामीलाई उहाँको धार्मिकताको वस्त्रले ढाक्नु आवश्यक भएको कुरा उक्त वचनमा उल्लेख गरिएको छ। वर्तमान परिप्रेक्षमा पनि हामी आत्मिक लडाईं लडिरहेका छौ भन्ने कुरा पनि उक्त पदहरुमा हामी देख्दछौ। हेर्नुहोस्: "हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिंड्नेछ, र त्यसको नग्नता देखिनेछ।"**

## ४. आर-मागेड्डोन र कार्मेलको पहाडः भाग १

**आखिरमा आर-मागेड्डोन महान् युद्ध भनेको के हो त? प्रथमतः त्यो नाउँले बुझिने अर्थ "मेगिड्डोको पहाड" हो। मेगिड्डो भन्ने स्थान त छ तर त्यहाँ कुनै पहाड छैन। तर त्यस ठाउँको परिसरमामा कार्मेल पहाडचाहिँ थियो। कतिपय बाइबलका विद्वानहरूद्वारा कार्मेल पहाडलाई मेगिड्डोको पहाड भनेर औंल्याइएको पाइन्छ।**

अझ यथार्थमा भन्नुपर्दा कार्मेलको पहाडमा अगमवक्ता एलिया र बाल देवताका झुटा पूजारी वा अगमवक्ताहरूसँग जुन मुठभेड भएको थियो, जसमा ती पूजारीहरूले हार खाएका थिए, त्यो घट्नाले प्रकाश १३ अध्यायको प्रतीक वा सांकेतिक वयान हो अर्थात् पछि के हुनेछ सोको वारेमा उक्त घट्नाले देखाउँछ भन्ने बाइबलका विद्वानहरूको मत रहेको पाइन्छ।

प्रकाश १६:१३ले देखाएको पशु, अजिङ्गर वा राक्षसी सर्प, झुटो भविष्यवक्ता वा सनातन परमेश्वरबाट मानिसलाई अलग राख्ने पूजारीहरूको चर्तिकला प्रकाश १३ले देखाउँछ भने यसै पुस्तकको अध्याय ९ मा पिता,पुत्र, पवित्र आत्मारूपी त्रिएक परमेश्वरको नक्कली स्वरूपलाई मान्न लगाउनेछ भनेर पनि हामीले हेर्‍यौं।

प्रकाश १३ को निर्णायक पदहरू १३ र १४ हुन्। त्यसमा दोस्रो पशुले अनेकौं आश्चर्य, अलौकिक र मानिसहरूलाई आकर्षित पार्ने अचम्मका कामहरू गरेर देखाउनेछ र सारा मानिसहरूलाई चकित पार्नेगरी आकाशबाट आगो पनि बर्षाउने छ भनेर पद १३ मा बताइएको छ। ती विभिन्न घट्नाहरूले परमेश्वर र शैतानको बीचमा सिधा मुठभेड हुनेछ जब सत्य

परमेश्वरलाई पूजा गर्ने र पशुको मूर्ति वा प्रतीकलाई पूजा गर्नेहरू छुट्टिन्छन्। (प्रकाश १३:१४)

प्रकाशको पुस्तकमा उल्लेख गरिएका अन्तिम समयमा हुने केही विपयस्तुलाई, १ राजा १८:१-२१मा कसरी पर्दाफास वा खुलासा गर्न खोजिएको छ सो नियालेर पढ्नुहोस्: " १ धेरै समयपछि तेस्रो वर्षमा (अर्थात् तीन वर्षसम्म अनिकाल भएपछि) परमप्रभुको यो वचन एलियाकहाँ आयोः "गएर आहाबकहाँ तिमी आफै उपस्थित होऊ, र म देशमा वृष्टि (वर्षा) पठाउनेछु।" २ यसैले एलिया आहाबकहाँ आफै उपस्थित हुनलाई गए। त्यस बेला सामरियामा घोर अनिकाल परेको थियो, ३ र आहाबले आफ्नो राजमहलका जिम्मावाल ओबदियालाई बोलाइपठाए। (ओबदिया परमप्रभुका एक भक्त विश्वासी थिए। ४ जब ईजेबेलले परमप्रभुका अगमवक्ताहरूलाई हत्या गरिरहेकी थिइन्, तब ओबदियाले एक सय जनालाई लिएर तिनीहरूलाई अन्नपानी दिएर पचास-पचास गरी दुई ओड़ारमा लुकाइराखेका थिए।) ५ आहाबले ओबदियालाई भनेका थिए, "देशका चारैतिर सबै खोलानाला र बेंसीहरूतिर जाऊ। सायद हामीले घोड़ाहरू र खच्चरहरूलाई जीवित राख्न केही घाँस पाउन सक्छौं होला, र हामीले हाम्रा पशुहरूलाई मार्नुपर्नेछैन।" ६ यसैले तिनीहरूले निरीक्षण गर्नलाई आपसमा देश बाँड़ि, र आहाब एकलै एकातिर र ओबदिया अर्कोतिर लागे। ७ जब ओबदिया बाटोमा हिँड़िरहेका थिए, तब एलियाले उनलाई भेटे। ओबदियाले तिनलाई चिनेर भूइँसम्मै घोप्टो परेर भने, "हे मेरा प्रभु, के तपाईं साँच्चै एलिया नै हुनुहुन्छ कि?" ८ तिनले जवाफ दिए, "म नै हुँ। 'एलिया यहाँ छ' भनी गएर तिम्रा मालिकलाई भन।" ९ ओबदियाले सोधे, "मैले के गल्ती गरें र तपाईं आफ्नो दासलाई मार्न भनी आहाबको हातमा सुम्पँदैहुनुहुन्छ? १० जीवित परमप्रभु तपाईंका परमेश्वरको नाउँमा शपथ खाएर म भन्छु, कि मेरा मालिकले तपाईंलाई खोज्न भनी कसैलाई नपठाउनुभएको कुनै जाति अथवा राज्य बाँकी छैन। जब कुनै जाति वा राज्यले तपाईं त्यहाँ हुनुहुन्न भनी दाबी गरे, तब तिनले 'हामीले त्यसलाई पाउन सकेनौं' भनी उनीहरूलाई शपथ खान लाए। ११ तर अब तपाईं मलाई भन्नुहुन्छ, 'गएर तिम्रा मालिकलाई एलिया यहाँ रहेछ भनी भन'। १२ मैले तपाईंलाई छोड्ने बित्तिकै परमप्रभुका आत्माले तपाईंलाई कहाँ लगिहाल्नुहोला? यदि मैले गएर आहाबलाई भनें र तिनले तपाईंलाई भेट्टाएनन् भने, मलाई नै मार्नेछन्। तापनि म तपाईंको दासले त मेरो बाल्यावस्थादेखि नै परमप्रभुको आराधना गर्दैआएको छु। १३ हे मेरा प्रभु, जब ईजेबेलले परमप्रभुका अगमवक्ताहरूलाई मार्दैथिइन्, तब

**मैले के गरें भनी तपाईंले सुन्नुभएको छैन र? मैले पचास-पचास गरी तिनीहरूमध्येका एक सय जनालाई ओड़ारमा लुकाइराखें र तिनीहरूलाई अन्नपानी जुटाइदिएँ। १४ अनि अब तपाईं मलाई भन्नुहुन्छ, 'गएर तिम्रा मालिकलाई एलिया यहाँ रहेछ भनी भन'। तिनले त मलाई मारिहाल्नेछन्। १५ एलियाले भने, "सर्वशक्तिमान् परमप्रभु जसको सेवा म गर्दछु, उहाँको जीवनमा शपथ खाएर म भन्दछु, म आज निश्चय नै आहाबकहाँ स्वयम् उपस्थित हुनेछु।" १६ तब ओबदिया आहाबलाई भेट्न गए, र तिनलाई भनिदिए, र आहाब एलियालाई भेट गर्न गए। १७ जब आहाबले एलियालाई देखे, तब तिनले एलियालाई भने, "इस्राएललाई कष्ट दिने तिमी नै हौ?" १८ एलियाले जवाफ दिए, "इस्राएललाई कष्ट मैले दिएको होइनँ, तर तपाईं र तपाईंका पिताका परिवारले पो हो। तपाईं परमप्रभुका आज्ञा त्यागी बाल देवताहरूको पछि लाग्नुभएको छ। १९ अब तपाईंले मलाई कर्मेल डाँड़ामा भेट गर्न इस्राएलबाट सारा मानिसहरूलाई बोलाउनुहोस्। अनि बालका ती चार सय पचास अगमवक्ता र अशेराका चार सय अगमवक्ता, जसले ईजेबेलको टेबिलमा बसेर खाने गर्दछन्, ती पनि लिएर आउनुहोस्।" २० यसैले आहाबले समस्त इस्राएलीहरूमा समाचार पठाए, र सबै अगमवक्ताहरूलाई कर्मेल डाँड़ामा भेला गराए। २१ एलियाले मानिसहरूका अगि आएर भने, "तिमीहरू कहिलेसम्म दोधारमा बसिरहन्छौ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ। तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ।" तर मानिसहरूले केही भनेनन्।"**

यहाँ लेखिएका धेरै कुराहरूलाई हेर्दा त्यसले परमेश्वर र शैतानको बीचमा भइरहेको बैचारिक द्वन्दको चित्रण गरेको देखाउछ। एलियाले पद १८मा राजालाई स्पष्टरूपमा के भइरहेको छ सो बताउँछन्: *मानिसहरूले परमेश्वरको व्यवस्थालाई त्यागे र असत्य देवीदेवताहरूलाई पूजा गर्दैछन्।* परमेश्वरलाई त्यागेर अधर्मी बन्ने र पापी संसारमा के भएको थियो र के भइरहेको छ भनेर इतिहासको पाना र वर्तमान अखबारहरूले बताइरहेको छैन त? तिमीहरुले सारा स्वर्ग, पृथ्वी, समुद्र र पानीका मुहानहरू सृजनुहुने परमेश्वरप्रभु सनातन परमेश्वरको पूजा वा आराधना गरिरहेका छौं? (प्रकाश १४:७) कि अरू कुनै थोकलाई पूजा गरिरहेकाछौं। परमेश्वरको सट्टा पशु र उसको प्रतीकलाई मानिसहरूले ढोगीरहेको प्रकाशको पुस्तकले प्रकाश १३ ले खुलाएको छ। यहाँ हामीलाई मध्यमार्ग दिइएको छैनः कि त हामी

परमेश्वरको पक्षमा उभिरहेकाछौं कि त शैतानको। अहिले र **आर-गेड्डन**को युद्धमा होमिनु भन्दा पहिले हामी कसको पक्षमा उभिरहेकाछौं भन्ने देखाइरहने विषय अत्यन्त निर्णायिक छ भन्ने कुरा बुझ्न जरुरी छ। कार्मेलको पहाडमा के भयो त्यसले झन स्पष्टरूपमा हामीलाई देखाउँछ। त्यो भाग ५मा हेर्नेछौं।

## ५. आर-मागेड्डोन र कार्मेलको पहाड भाग २

**एलिया र राजाको बीचमा भएको विवादको अन्त्य कसरी भयो? कथा अनुसार अक्षरस हामीले पनि यलियाको झैं जोश देखाएर विश्वासमा नआउने हाम्रा मानिसहरूलाई भौतिक कर्वाही गर्ने छुट त हामीलाई छैन। तर ठूलो चित्रमा हेर्दा परमेश्वर र शैतानको बीचमा भइरहेको द्वन्द कसरी निर्णायिकरूपमा अन्त्य हुनेछ भनेर १ राजाहरू १८:१६-४०ले कसरी प्रस्ट्याउछ? हेर्नुहोस्: " १६ तब ओबदिया आहाबलाई भेट्न गए, र तिनलाई भनिदिए, र आहाब एलियालाई भेट गर्न गए। १७ जब आहाबले एलियालाई देखे, तब तिनले एलियालाई भने, "इस्राएललाई कष्ट दिने तिमी नै हौ?" १८ एलियाले जवाफ दिए, "इस्राएललाई कष्ट मैले दिएको होइनँ, तर तपाईं र तपाईंका पिताका परिवारले पो हो। तपाईं परमप्रभुका आज्ञा त्यागी बाल देवताहरूको पछि लाग्नुभएको छ। १९ अब तपाईंले मलाई कर्मेल डाँड़ामा भेट गर्न इस्राएलबाट सारा मानिसहरूलाई बोलाउनुहोस्। अनि बालका ती चार सय पचास अगमवक्ता र अशेराका चार सय अगमवक्ता, जसले ईजेबेलको टेबिलमा बसेर खाने गर्दछन्, ती पनि लिएर आउनुहोस्।" २० यसैले आहाबले समस्त इस्राएलीहरूमा समाचार पठाए, र सबै अगमवक्ताहरूलाई कर्मेल डाँड़ामा भेला गराए। २१ एलियाले मानिसहरूका अगि आएर भने, "तिमीहरू कहिलेसम्म दोधारमा बसिरहन्छौ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ। तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याओ।" तर मानिसहरूले केही भनेनन्। २२ तब एलियाले तिनीहरूलाई भने, "परमप्रभुका अगमवक्ताहरूमा त केवल म मात्र बाँकी रहेको छु, तर बालका त चार सय पचास अगमवक्ताहरू छन्। २३ अब हाम्रा निम्ति दुई वटा साँढ़े ल्याओ। उनीहरूले आफ्ना निम्ति एउटा छानेर टुक्रा-टुक्रा गरी काटेर आगो नलगाईकन दाउरामाथि राखून्। अनि मचाहिँ त्यो अर्कोलाई तयार गरेर आगो नलाईकन दाउरामाथि राख्नेछु। २४ तब तिमीहरू आफ्नो देवता पुकार, र म परमप्रभुको नाउँ पुकार्नेछु। त्यो देवता जसले आगोद्वारा जवाफ दिनुहुन्छ, त्यही नै परमेश्वर हुनुहुन्छ।" तब सबै मानिसहरूले भने, "तपाईंले भन्नुभएको कुरा असल हो।" २५ एलियाले बालका**

अगमवक्ताहरूलाई भने, "एउटा साँढ़े छान, र त्यसलाई पहिले तयार गर, किनभने
तिमीहरू यति धेरै छौ। आफ्नो देवताको नाउँ पुकार, तर आगोचाहिँ नलगाओ।"
२६ यसैले आफूहरूलाई दिइएको साँढ़े उनीहरूले लिएर तयार गरे। तब
बालको नाउँ लिएर उनीहरूले बिहानदेखि मध्यान्हसम्म यसो भनेर पुकारे, "हे
बाल, हामीलाई जवाफ दिनुहोस्।" तर केही प्रत्युत्तर आएन। अनि आफूहरूले
बनाएको वेदीको वरिपरि उनीहरू खूब उफ्रँदै नाचे। २७ मध्यदिनमा एलियाले
यसो भनेर उनीहरूलाई ठट्टा गर्न लागे, "अझ जोरसित कराओ। निश्चय नै त्यो
त देवता हो! सायद ऊ घोर ध्यानमा मग्न होला, अथवा काममा व्यस्त होला वा
यात्रामा गएको होला। सायद ऊ सुतिरहेको होला र उठाउनुपर्छ।" २८ यसैले
उनीहरू अझै जोरसित कराए, र उनीहरूको दस्तूरअनुसार तरवार र भालाले रगत
नबगुञ्जेल आफैलाई चोट पारे। २९ मध्यदिन बित्यो, र साँझको बलिदान
चढ़ाउने बेलासम्म उनीहरूले बरबराउँदै अगमवाणी कहँदैरहे। तर कुनै प्रत्युत्तर
आएन, कसैले जवाफ दिएन, न कसैले ध्यान नै दिए। ३० तब एलियाले सबै
मानिसहरूलाई भने, "यहाँ मकहाँ आओ।" तिनीहरू तिनीकहाँ आए। त्यसपछि
परमप्रभुको भत्केको वेदीलाई तिनले मरम्मत गरे। ३१ एलियाले बाह्र वटा ढुङ्गा
लिए, प्रत्येक ढुङ्गा याकूबबाट आएको एक-एक कुलको निम्ति, जसकहाँ
परमप्रभुको यसो भन्ने वचन आएको थियो, "तेरो नाउँ इस्राएल हुनेछ।" ३२ ती
ढुङ्गाहरू लिएर तिनले परमप्रभुको नाउँमा एउटा वेदी बनाए। तिनले त्यस
वेदीको वरिपरि पन्ध्र लिटर जति बीउ जाने ठूलो खाड़ल खने। ३३ तिनले
दाउरा मिलाए र त्यस साँढ़ेलाई टुक्रा-टुक्रा काटेर दाउरामाथि राखे। तब तिनले
तिनीहरूलाई भने, "चार गाग्रा पानी भरेर यो बलि र दाउरामाथि खन्याइदेओ।"
३४ तिनले भने, "फेरि त्यसै गर।" अनि तिनीहरूले फेरि त्यसै गरे। तिनले
हुकुम गरे, "तेस्रो खेप पनि त्यसै गर।" तिनीहरूले तेस्रो खेप त्यसै गरे। ३५
पानी वेदीका चारैतिर पोखिएर खाड़ल पनि भरियो। ३६ बलिदानको बेलामा
एलिया अगमवक्ताले अगि बढ़ेर प्रार्थना गरे, "हे परमप्रभु, अब्राहाम, इसहाक र
इस्राएलका परमेश्वर, इस्राएलमा तपाईं परमेश्वर हुनुहुन्छ, र मचाहिँ तपाईंको
दास हुँ, र यी सबै काम तपाईंको आज्ञाअनुसार मैले गरेको छु भनी आज थाहा
होस्। ३७ मलाई जवाफ दिनुहोस्, हे परमप्रभु, जवाफ दिनुहोस्, र यी
मानिसहरूले जानून्, कि तपाईं परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र तपाईंले नै
तिनीहरूका मन फर्काउँदैहुनुहुन्छ।" ३८ तब परमप्रभुको आगो बर्स्यो र आगोले
बलिदान, दाउरा, ढुङ्गाहरू र माटो भस्म पार्‍यो, र खाड़लको पानी पनि
सुकाइदियो। ३९ जब सबै मानिसहरूले यो देखे, तब तिनीहरू भूइँमा घोप्टो परी

**कराएर भने, "परमप्रभु उहाँ नै परमेश्वर हुनुहुँदोरहेछ! परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुँदोरहेछ!" ४० तब एलियाले तिनीहरूलाई हुकुम गरे, "बालका अगमवक्ताहरूलाई पक्र। एउटै पनि उम्कन नपाओस्।" तिनीहरूले उनीहरूलाई पक्रे, र एलियाले उनीहरूलाई तल कीशोन खोलामा ल्याउन लगाएर उनीहरूलाई मारे।"**

कार्मेलको पहाडमा परमेश्वरका अगमवक्ता एलिया एक्लै भएरपनि बाल देवताका सयौं पूजारीहरूसँग मुकाबिला गरे (यहाँ दुष्टहरू बहुमतमा थिए भने परमेश्वरलाई विश्वास गर्ने केवल एक जनामात्र थिए। परमेश्वर बहुमतमा रहनुहुन्छ भन्ने होइन तर एक्लो मतभएपनि उहाँको नजिक हुनेसँग उहा रहनुहुन्छ)। सारा जनता, राजा र रानीसँग एकै ठाउँमा भोजन गर्ने बालदेवताका पूजारीहरूको सामुन्ने एक्लो भएर पनि यलिया उभिन सक्नुको अर्थ त्यसबेला स्वर्ग र पृथ्वी सृष्टि गर्ने परमेश्वर नै सच्चा परमेश्वर हुनुहुन्छ तर बालदेवता जुन सारा संसारलाई धोका दिने (प्रकाश १२:९) वा छकाउने शैतान वा पशुको अर्को रूप हो भनेर प्रमाणित गर्ने समय थियो।

बालदेवताका पूजारीहरू र यलियाको बीचमा भइरहेको संवादात्मक दृश्यको अध्ययन अति चाखलाग्दो छ। त्यहाँ बालदेवताको निम्ति बनाइएको बेदीमा साँढे मारेर राखिन्छ। अनि बालदेवताबाट आगो पठाएर बलीलाई भष्म गर्न तिनीहरू प्रार्थना गर्छन्। तर आगो आउँदैन। तिनीहरू बिहानदेखि अपरान्हसम्म उफ्रि-उफ्रि चिच्याउँछन्। "ठूलो स्वरले कराउछन्, सायद बालदेवता सुतिरहेका होलान् वा कतै गएका होलान्" भनेर एलियाले भन्छन् (१ राजाहरू १८:२७)। ती पूजामा अनेकौं चर्तिकला देखाइन्छ देवतालाई खुशी पार्न खोजिन्छ। जोर्गिँदै ती पुजारीहरूले चक्कुले आफूलाई आफैलाई काटेर रगत बगाउँछन्। तर तिनीहरूको देवताले आकाशबाट आगो पठाउँदैनन्। आखिरमा बेलुकीपखतिर तिनीहरू थाकेर लखतरान हुन्छन् र हार मानेर ढल्छन्। अब एलियाको पालो आउँछ। उनले पनि बेदीमा साँढेलाई मारेर राख्छन् अनि तिन पल्ट त्यसलाई निथ्रुक्क भिजाउँछन्। बेदीको वरिपरिको खाल्डो भरिनेगरी पानी खन्याउछन्। अनि एलियाले सरल प्रार्थना गर्छन्। परमेश्वरले तुरन्तै आगो पठाएर बलीमात्र होइन बेदीको ढुङ्गा र माटोलाई भष्म पारिदिनुहुन्छ। त्यस समय सच्चा परमेश्वर र मानिसले आविष्कार गरेको देवताको शक्तिको बीचमा के फरक रहेछ भनेर सबैले प्रत्यक्षरूपमा देख्छन्।

प्रकाश १६:१३-२१, १९:२०,२१ पढ्नुहोस्। बालदेवताका पुजारीहरूको के गति भएको थियो त्यही गति अन्तको समयमा मानिसहरूलाई धोका दिने धर्म गुरूहरूको गति हुनेछ भनेर ती पदहरूले कसरी देखाउँछन्। हेर्नुहोस्ः प्रकाश १६:१३-२१ " १३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तिन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्। १५ "हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिंड्नेछ, र त्यसको नग्नता देखिनेछ।" १६ तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ। १७ अनि सातौं स्वर्गदूतले आफ्नो कचौरो हावामा खन्याए, र मन्दिरको सिंहासनबाट यसो भन्ने एउटा चर्को आवाज निस्क्यो, "अब सिद्धियो।" १८ तब बिजुली चम्के, आवाजहरू र मेघ गर्जनहरू भए, र भयानक भूकम्प गयो, यति भयानक भूकम्प कि पृथ्वीमा मानिसहरूको उत्पत्ति भएदेखि यसो कहिल्यै गएको थिएन। १९ त्यो महानगरी तिन भागमा टुक्रा-टुक्रा भयो, र देश-देशका सहरहरू ध्वंस-विध्वंस भए। परमेश्वरलाई महान् बेबिलोनको याद आयो, र उहाँले आफ्नो क्रोधको भयानक मद्यले भरिएको कचौरो त्यसलाई पिउन दिनुभयो। २० अनि हरेक टापू लोप भएर गयो र पहाड़हरू बेपत्ता भए। २१ चालीस-चालीस किलोग्रामका असिना मानिसहरूमाथि ओइरिन लागे, र मानिसहरूले असिनाका विपत्तिको कारण परमेश्वरलाई सराप्न लागे। किनकि त्यो विपत्ति अति भयानक थियो।" र प्रकाश १९:२०,२१ " १९ अनि घोडामा सवार हुने र उहाँका सेनाहरूका विरुद्धमा युद्ध गर्न त्यो पशु र पृथ्वीका राजाहरू र तिनका सेनाहरू भेला भएका मैले देखें। २० तब त्यो पशु र त्यसको उपस्थितिमा अचम्म काम गर्ने झूटो अगमवक्ता दुवै पक्राउ परे। यी अचम्मका कामहरूद्वारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई बहकाएको थियो। यी दुवै जलिरहेको गन्धकको अग्नि-कुण्डमा जिउँदै फालिए। २१ बाँकी रहेकाहरूचाहिँ घोडामाथि सवार हुनुहुनेको मुखबाट निस्केको तरवारद्वारा मारिए, र सबै पक्षीहरूले तिनका मासु अघाउञ्जेल खाए।"

आर-मागेड्डोन वा कार्मेलको पहाडमा भएका भग्नावशेषको बारेमा अहिले हामीलाई थाहा छैन। तर परमेश्वरको विरोधमा जाने र उहाँका

सन्तहरूलाई सताउने तत्वहरूको अन्त्य कसरी हुनेछ भन्ने कुरामा बाइबलले स्पष्ट रूपमा बताउँछ।

आर-मागेड्डोनको **सन्दर्भमा बर्तमान अवस्था फरक भएतापनि पावलले कुन विषयवस्तुलाई औंल्याइरहेका छन् ? विशेषत भविष्यमा हुने घट्नाको वारेमा हामीलाई बुझाउन खोजिएको छ? हेर्नुहोस्, १ कोरन्थी १५:१,२ " १ प्रेमलाई तिमीहरूको लक्ष्य बनाओ, र आत्मिक वरदानहरूका निम्ति उत्कट अभिलाषा राख, विशेष गरी अगमवाणी बोल्नका निम्ति। २ किनकि अन्य भाषामा बोल्नेले मानिसहरूसँग होइन, तर परमेश्‍वरसँग बोल्दछ। उसले के भन्दैछ कसैले बुझ्दैन, पवित्र आत्मामा रहस्यका कुराहरू नै ऊ बोल्दछ। ३ तर अगमवाणी बोल्ने हरेकले मानिसहरूसँग नै बोल्दछ। तिनीहरूका आत्मिक वृद्धि, उत्साह र सान्त्वनाको निम्ति ऊ बोल्दछ।" प्रकाश १६:१५मा आर-मागेड्डनलाई नै खास औंल्याइएको छ। तर पावलले भनेका र प्रकाशमा उल्लेख गरिएका सन्दर्भहरूले हामीलाई के भन्छन्? हेर्नुहोस् प्रकाश १६:१५-१८ " १५ "हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिंड्नेछ, र त्यसको नग्नता देखिनेछ।" १६ तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ। १७ अनि सातौं स्वर्गदूतले आफ्नो कचौरो हावामा खन्याए, र मन्दिरको सिंहासनबाट यसो भन्ने एउटा चर्को आवाज निस्क्यो, "अब सिद्धियो।" १८ तब बिजुली चम्के, आवाजहरू र मेघ गर्जनहरू भए, र भयानक भूकम्प गयो, यति भयानक भूकम्प कि पृथ्वीमा मानिसहरूको उत्पत्ति भएदेखि यसो कहिल्यै गएको थिएन।"**

## उपसंहारः

**थप जानकारीः** " आर-मागेड्डनको युद्धमा लड्ने पशुहरूको चित्रणमा रहस्यमय जीवहरू समावेश भएको र धेरै ठाउँमा कुरूप घट्नाहरूको चित्रण गरिएको पाइन्छ। त्यस अन्धकार पृष्ठभूमिमा उज्यालो ज्योति जस्तो येशूको आवाज निस्कन्छन् "हेर, म चोरजस्तै आउनेछु! जो मानिस ब्युँझिरहन्छ र आफूसँग वस्त्र राख्छ (येशूको धार्मिकताको वस्त्र), त्यो मानिस धन्यको हो। जब म आउँछु तब उसको नग्नता लाजमर्दो तरिकाले उदाङ्गो हुँदैन।" (रूपान्तरित)। आर-मागेड्डोनको भयानक युद्धको बीचमा येशूले बोल्नुभएको बाणीले व्यक्तिगत रूपमा येशूको आगमनको निम्ति हामीले कसरी तयार हुनुपर्छ भन्ने कुरालाई देखाउँछ। युगको अन्तको निम्ति हामी कसरी तयार हुन सक्छौं भनेर पनि हामीलाई सजग गराइएको छ।

अर्को पदले हाम्रो आशालाई बढाउदछ जुन प्रकाश १७:१४मा छः "तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु  र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।" यहाँ ठूलो युद्धको अन्तमा मानिसहरूको एक ठूलो फौज देखा पर्नेछन्। तिनीहरूको काम अरू मानिसहरूलाई अस्त्रद्वारा नाश गर्ने होइन तर परमेश्वरको आवाजप्रति विश्वासिलो भएर बस्न र आफूहरूलाई परमेश्वरले चुन्नुभएको छ भनेर ढुक्क हुन, बर्तमान दिनहरूमा राष्ट्र राष्ट्रहरूको बीचमा भएका झगाडा, विद्रोह र त्यसलाई साम्य गर्न सैनिक परिचालन गर्ने भन्दा ती भक्तजनहरूको फौज फरक हुनेछ। वर्तमान परिप्रेक्षमा आर-मागेड्डनको युद्ध दिमागमा भइरहेको युद्ध हो।त्यो हृदयमा हुने युद्ध पनि हो। मारिएको थुमाप्रति निष्ठावान हुन हृदयस्पर्सी आह्वान गरिएको छ।"-यान पावलसन, *आर्मगेड्डोन आट द डोर*, पृ. १९३बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) **कतिपय मानिसहरूले प्रकाशको पुस्तकमा उल्लेख गरिएका स्थानहरूमा नै अक्षरस  घट्नाहरु हुनेछन् भनेर जिकिर गर्दछन् तिनलाई तपाईं कसरी सम्झाउनुहुन्छ? यसरी बाइबललाई व्याख्या गर्नु गलत हो भनेर कसरी बुझाउने?**

आ) **बेबिलोनको प्रभाव कुनै स्थानीय स्तरमामात्र नभएर सारा संसारमै फैलिन्छ भन्ने विषय हामीले हेऱ्यौं। बेबिलोन रूपी परमेश्वरबाट मानिसहरूलाई अलग राख्ने कस्ता कस्ता शिक्षादीक्षाहरू वा चर्तीकलाहरू छन् जसबाट हामी सजग हुन सक्छौं?**

इ) **संसारसँग  सम्झौता गरेर जब चर्च र  संसार एक हुन्छ तब मात्र बेबिलोनको पतन हुन्छ" भनेर एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावना कति प्रभावकारी छ ? यसले हामीलाई सजग गराउँछ त ?**

## कथा १२
## दुष्ट आत्माले मसँग बोल्यो
## **पियर अर्टिज, २४**
## **आरिजोना, संयुक्त राज्य अमेरिका**

अमेरिकाको आरिजोना राज्यमा रहेको स्थानीय जाति जसलाई इन्डियन भनिन्छ, तिनीहरूको निम्ति खोलिएको होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलमा पियर केटाहरूको होस्टेलको प्रमुख वा डिन छन्। उनको होस्टेलमा २८ जना केटाहरू थिए। एक पटक राती उनी सुत्ने तरखर गर्दै थिए, अचानक टेलिफोनको घन्टी बज्यो। होस्टेलमा काम गर्ने उनको सहयोगीले एक जना विद्यार्थी केटा डेबिट मध्य रातमा बाहिर जान जबर्जस्ति गरिरहेको समाचार सुनायो।

पियर हतार हतार लुगा लाउदै कोठाबाट बाहिर निस्के। १७ वर्षको डेबिट सडकमा घुमिरहने गुण्डा थियो जसलाई होस्टेलमा ल्याइएको थियो। ऊ कस्तो केटा हो भनेर पियरलाई थाहा थियो। आरिजोनाको राजधानी फिनिक्समा डेबिटको जीवन बर्बाद हुने देखेर उसको आमाले उसलाई बोर्डिङ्ग स्कूलमा राख्न ल्याएकी थिइन्।

त्यो रात पियरपनि डेबिटसँगै बाहिर जुनेली रातमा सँगसँगै केही मिनेट चुपचाप हिंडे। एक ठाउँमा पुगेपछि तिनीहरू एउटा ढुङ्गामा बसे र आकाशतिर हेर्दै तारा र नक्षत्रहरूको बारेमा कुराकानी गर्न थाले । अनि अचानक डेबिटले भन्यो, “मसँग दुष्ट आत्माले कहिलेकाहीँ कुरा गर्छ।" “तिमीले के भन्न खोजेका हौ?" पियरले सोधे। “हो दुष्ट आत्मा वा डिमनहरूले मसँग कुरा गर्छन्। कसैलाई पिट्न र खराबी गर्न ती आत्माहरूले मलाई उक्साउँछन्।" त्यो किशोरले भन्यो। “किन होला?" पियरले सोधे। “मलाई थाहा छैन। यो स्कूलमा आएपछि त झन झन ती शैतानका आत्माहरूले मसँग चर्को स्वरले बोलिरहेका छन् |" विवस हुँदै डेबिटले भन्यो। डिनले यसैबेला प्रार्थनागर्नु पर्छ भनेर सल्लाह दिए। उनले शिर निहुराएर कुराकानीमा सहभागी हुन परमेश्वरसँग प्रार्थना गरे। आँखा खोलिसकेपछि पियरले भने, “तिम्रो जीवनमा शैतानले किन नराम्रोसँग काम गरिरहेको छ म सोचिरहेको छु।" “किन? मलाई भन्नुस्" डेबिटले अनुरोध गऱ्यो। “किनभने यहाँ आउनुभन्दा अघि शैतानका आत्माहरू र अरू दुष्ट आत्माहरूको बारेमामात्र तिमीले सिकेका थियौ। अब तिमी येशू र उहाँको मायासँग सम्पर्कमा आइरहेका छौ।त्यसो

गरेको शैतानले मनपराउदैन" पियरले नहिच्किचाइकन भने। "आर्टिज सर, म चर्चको बारेमा बुझ्दिन। जबरजस्ती चर्चमा हामीलाई भित्राइन्छ र जबरजस्ती पास्टरको कुरा सुन्नपर्छ र उसले भने अनुसार हामीले चल्नुपर्छ" दिल खोलेर डेबिटले जवाफ दियो।

"डेबिट, सडकमा गुण्डाहरूसँग हिँडडुल गर्दा तिमीलाई कस्तो लागेको थियो?" पियरले सोधे। "त्यो त अत्यन्त रमाइलो हुन्थ्यो। हामी परिवार जस्तै थियौं। हाम्रो अगुवालाई हामीले कहिल्यै पनि भेटेनौं। उसले काम अऱ्हाउँदा, काम खाममा लेखेर ढोकामुनि छिराउँथ्यो र उसले भनेबमोजिम हामी काम गर्थ्यौं। हामी सबै जना परिवार जस्तै भएर काम गर्थ्यौं" डेबिटले नहिच्किचाइकन भन्यो। "ए हो र? तिमीले गुण्डाको मालिकलाई कहिल्यै पनि देखेनौ तर उसले हुकुम गरे अनुसार तिमी काम गर्थ्यौं। त्यसले तिमीलाई परिवारसँगै रहे जस्तो भान भइरहेको थियो, होइन त?" पियरले पनि आफ्नो मनको कुरा डेबिटलाई भने। "डेबिट, तिमी जहाँ छौ त्यो चर्च हो र चर्च पनि एक परिवार हो। तर बाहिर गएर निष्ठुरभएर नराम्रो काम गर्नुको सट्टा हामी राम्रो काम गर्दै छौं" पियरले आफ्नो भनाइलाई थपे। डिनले के भन्न खोजिरहेका थिए सो कुरा डेबिटलाई थाहा भयो र ऊ रून थाल्यो। डेबिट रून सक्छ भनेर पियरलाई थाहा थिएन तर उसको आँखाबाट आँसु झरिरहेको थियो। डेबिटको रुवाइ कुकुरको छाउराले कुइँ कुइँ गरे जस्तै लग्यो पियरलाई। "सर, परमेश्वरले मलाई मन पराउनुहुनेछैन" रूँदै डेबिटले भन्यो। "यो कुरा तिमीलाई थाहा छै। तिमीले उहाँलाई चिनेका पनि छैनौ।" पियरले भने। " मैले मानिसलाई मारेको छु र तपाईंहरूले कसैलाई पनि मार्नुहुन्न भनेर मलाई थाहा छ। म धेरै बदमाश र निष्ठुर छु, त्यसकारण परमेश्वरले मलाई मन पराउनुहुन्न होला" डेबिटले आफ्नो मन खोल्यो। बाइबलमा हत्याराहरूको पनि कथा छ तर परमेश्वरले तिनीहरूलाई कसरी क्षमा दिनुभयो भनेर पियरले डेबिटलाई सुनाउँछन्। "यदि तिमीले बाइबलमा भएका सबै हत्याराहरूको बारेमा कथा लेख्यौ भने एउटा किताबै बन्छ। त्यसकारण परमेश्वरले हत्याराहरूलाई पनि माया गर्नुहुन्छ" भनेर पियरले सम्झाए। "ती दुष्ट आत्माहरूले कहिलेकाहीं मसँग कुरा गर्नुभन्दा बढी काम गर्छन्। तिनीहरूले मेरो शरीरलाई आफ्नो कब्जामा लिन्छन् र मलाई निष्फिक्री हल्लाउँछन् अनि मेरो मुखबाट फिँज नै फिँज निस्कन्छ म त्यसलाई रोक्नै सक्दिँन" डेबिटले आफ्नो दुःखको कुरा सुनायो।

दुष्टात्मासँग संघर्ष गरिरहेको त्यो किशोरको कुरा सुनेर डिनको हृदय भावुक भयो। "त्यसैकारण त हामी यहाँ होलब्रुकमा छौं। यो परमेश्वरको ठाउँ हो। यहाँ शैतानको शक्तिले काम गर्न सक्दैन। यदि तिमीलाई केही नराम्रो भयो भने हामी तिम्रो लागि प्रार्थना गर्न सक्छौं। तिम्रो निम्ति हामी सबै जना मिलेर शैतानसँग लड्न सक्छौं" आश्वासन दिँदै पियरले भन्यो। कुराकानी गरिरहँदा मलाई जाडो भएरहेको थियो। रातको एक बजेको थियो। डेबिटसँग पियरले प्रार्थना गरे अनि दुवै जना होस्टेलमा सुत्न गए।

डेबिटले उसको जीवनमा येशूलाई ग्रहण गऱ्यो कि गरेन पियरलाई थाहा छैन। डेबिट फिनिक्समा भागेर फेरि गुण्डाहरूसँग सम्मिलित भयो भनेर पछि थाहा पाए। तर एक पटक जुनेली रातमा आफ्नो जीवनसँग संघर्ष गरिरहेको केटालाई येशूको बारेमा कुरा गर्ने मौका पाउँदा पियर आभारी थिए।

दुई वर्षसम्म होस्टेल प्रमुख भएर काम गरेका २४ वर्षका पियर भन्छन् "मेरो कोठामा सानो झ्याल छ। त्यहाँ केटाहरूले मलाई हात मिलाउन सक्छन्। हामीहरूकहा ६५ जना विद्यार्थीहरू आउँछन् र जान्छन्। आज छ भोलि हुन्छ भन्ने छैन। तर हामीले रोपेको बिरुवा हुर्कनेछ भनेर हामीले परमेश्वरमाथि भरोसा राख्नुपर्छ। जहाँ जहाँ हाम्रा विद्यार्थीहरू जान्छन् परमेश्वरको प्रेम तिनीहरूले अनुभव गरुन् भनेर म परमेश्वरसँग प्रार्थना गर्दछु" ढुक्क भएर पियरले भन्छन्।

७२ वर्षदेखि चलि आएको पुरानो होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलमा नयाँ ब्यायमशाला र क्याफ्टेरिया बनाउन यस त्रैमासिकको भेटीले सहयोग मिल्नेछ।

*केटाको नाउँ परिवर्तन गरिएको छ*

*-आन्ड्रयु मेकचेसनी*

**आरीजोनाको बारेमा जानकारीः**

अ) अमेरिकाको स्थानीय आप्रवासी नाभाहो इन्डियनहरू धेरैजसो आरिजोना राज्यमा रहन्छन्। आरिजोनाको भूभाग २७,४२५ माइल अर्थात् ७१,०३० वर्ग किलोमिटर छ। आरिजोना राज्य युटाह र न्यू मेक्सिको मिलेर बनेको छ। नाभाहो राज्य अमेरिकाको दस वटा सानो सानो राज्य भन्दा पनि ठूलो छ। आरिजोनाको राजधानी विन्दो रकमा छ।

आ) स्थानीय आप्रवासीको निम्ति आरिजोनाको नाभाहो राज्यमा सन् १९६८मा पहिलो कलेजको स्थापना भएको थियो। त्यसलाई नाभाहो कम्युनिटी कलेज भनिन्थ्यो। अहिले यसलाई दिने कलेज भनिन्छ।